## सम्वत् २०८० साल चैत्र ९ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:

(क) सामाजिक विकास संस्था नियमावली, २०७५ अनुसारको कार्य सम्पादन गर्ने सामाजिक विकास मन्त्रालयलाई र अन्तर्राष्ट्रिय विकास सहायता परिचालन तथा समन्वय सम्बन्धी कार्यविधि, २०७८ अनुसारको कार्य सम्पादन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई विकास साझेदार पोर्टल (DP Portal) प्रयोगमा ल्याउन स्वीकृती दिने।

(ख) विकास साझेदार पोर्टल (DP Portal) सञ्चालनको स्वामित्व प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हुने।

(ग) विकास साझेदार पोर्टल (DP Portal) सञ्चालनका लागि सामाजिक विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको आवश्यकता र मागका आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्राविधिक सहयोग उपलब्ध गराउने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालय: नेपाल सरकार गृह मन्त्रालयबाट नेपाल राजपत्रमा मिति २०८०।१०।२९ को संख्या ५४ मा प्रकाशित विक्रम संम्वत् २०८१ साल वैशाख १ गतेदेखि चैत्र मसान्तसम्म एकवर्ष भरिमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि जारी विदाका अतिरिक्त कोशी प्रदेशभरिमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि देहाय बमोजिमको सार्वजनिक एवम् पर्व विदाहरु थप गर्ने साथै सोको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने।

| क्र.सं. | मिति | अवसर | कैफियत |
|---|---|---|---|
| १ | २०८१ साल बैशाख २ गते | सिरुवा पर्व | झापा, मोरङ, सुनसरी र उदयपुर जिल्ला मात्र। |
| २ | २०८१ साल भाद्र ११ | राधाकृष्ण रथयात्रा | |
| ३ | २०८१ साल भाद्र २३ गते | श्री ऋषि पञ्चमी | महिला कर्मचारीहरुलाई मात्र । |
| ४ | २०८१ साल कार्तिक २३ गते | छठ पर्व समापन | |
| ५ | २०८१ साल कार्तिक २५ गते | फाल्गुनन्द जयन्ती | |

३. आन्तरिक मामिला तथा कानून मन्त्रालय: प्रदेश सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी कोशी प्रदेश सभा सदस्य माननीय मिना श्रेष्ठको अष्ट्रेलियाको वैदेशिक भ्रमण स्वीकृत गरी निजलाई कुटनीतिक राहदानीका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौंलाई सिफारिस गर्ने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालय: प्रदेश सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी कोशी प्रदेश सभा सदस्य माननीय सविना कट्टेल बजगाईको संयुक्त अरब ईमिरेट्सको वैदेशिक भ्रमण स्वीकृत गरी निजलाई कुटनीतिक राहदानीका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौंलाई सिफारिस गर्ने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयः देहायबमोजिमका निकायहरुलाई देहायबमोजिमको रकम अख्तियारी प्रदान गर्ने।

| क.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | बजेट (हजारमा) | अख्तियारी प्रदान गर्नु पर्ने निकाय |
|---|---|---|---|---|
| १. | प्रहरी चौकी घुर्मी उदयपुर | ३११११२ | ५०,००,०००।०० | जि.प्र.का. उदयपुर |
| २. | प्रहरी चौकी, हुक्लाजोर खोटाङ |  | २०,००,०००।०० | ई.प्र.का. चिसापानी खोटाङ |
| ३. | प्रहरी चौकी बरफल्याङ ईलाम |  | ५०,००,०००।०० | जि.प्र.का. इलाम |
| ४. | ईलाका प्रहरी कार्यालय गौरीगञ्ज झापा |  | २५,००,०००।०० | ई.प्र.का. गौरीगञ्ज झापा |
| ५. | प्रहरी चौकी जिर्मले इलाम |  | ५०,००,०००।०० | जि.प्र.का. इलाम |
| ६. | ईलाका प्रहरी कार्यालय, दोहमना (ख) रङ्गेली- ९ मोरङ |  | ३५,००,०००।०० | ईलाका प्रहरी कार्यालय, रंगेली, मोरङ |
| ७. | नौलोबस्ती प्रहरी चौकी धरान-१६ सुनसरी |  | २५,००,०००।०० | जि.प्र.का. सुनसरी |
| ८. | प्रहरी चौकी रामपुर झिल्के इनामे ताप्ली उदयपुर |  | ४५,००,०००।०० | जि.प्र.का. उदयपुर |
| ९. | फुयतप्पा प्रहरी चौकी फाकफोकथुम, इलाम |  | १५,००,०००।०० | जि.प्र.का. इलाम |
| १०. | पथरिया प्रहरी चौकी, झापा |  | १५,००,०००।०० | जि.प्र.का. झापा |
| ११. | प्रहरी चौकी कोयलपुर बुढीगंगा-६ मोरङ अधुरो भवन सम्पन्न |  | १५,००,०००।०० | जि.प्र.का. मोरङ |
| १२. | ट्राफिक कार्यालय दमक अधुरो भवन सम्पन्न |  | ४५,००,०००।०० | जि.ट्रा.प्र.का. झापा |
| १३ | जिल्ला ट्राफिक प्रहरी कार्यालय, उदयपुर अधुरो भवन सम्पन्न |  | २०,००,०००।०० | जि.प्र.का. उदयपुर |
| १४ | किटेनी प्रहरी चौकी अधुरो भवन किटेनी सम्पन्न रोङ- ४ इलाम |  | १५,००,०००।०० | जि.प्र.का. इलाम |
| १५ | शिसवा प्रहरी चौकी भोक्राहा सुनसरी |  | ५०,००,०००।०० | जि.प्र.का. सुनसरी |
| १६ | प्रहरी चौकी बाप्लुखा, खोटाङ-२ खोटाङ |  | ५०,००,०००।०० | इलाका प्रहरी कार्यालय, खोटाङ बजार |
| १७ | प्रहरी चौकी जरायोटार भोजपुर |  | २५,००,०००।०० | जि.प्र.का. भोजपुर |
| १८ | प्रहरी चौकी देवराली षडानन्द न.पा. भोजपुर |  | १०,००,०००।०० | जि.प्र.का. भोजपुर |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १९ | राजगञ्ज सिनवारी प्रहरी चौकी देवानगञ्ज सुनसरी | | १५,००,०००।०० | जि.प्र.का. सुनसरी |
| | | | ५७५०००००।०० | |

६. आर्थिक मामिला तथा योजना मन्त्रालयः

"क) आर्थिक वर्ष २०८१।८२ को लागि बजेट तथा स्रोत समितिले निर्धारण गरेको प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको अनुमानित रकम रु.१,००,००,००,०००।०० (अक्षेरुपी एक अर्ब मात्र) को सीमा स्वीकृत गर्ने।

ख) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ (क) को उपदफा (१) र (२) बमोजिम प्रदेशले संकलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँड हुने बजेट तथा स्रोत समितिले निर्धारण गरेको सवारी साधन करको अनुमानित रकम रु.२,३५,००,००,०००।०० (अक्षेरुपी दुई अर्ब पैंतिस करोड मात्र) मध्ये स्थानीय तहलाई बाँडफाँड गर्ने ४० प्रतिशतले हुने रु.९४,००,००,००० (अक्षेरुपी चौरानब्बे करोड मात्र) अनुमानित सीमा स्वीकृत गर्ने।

७. आर्थिक मामिला तथा योजना मन्त्रालयः बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यबिधि, २०८० स्वीकृत गर्ने।

८. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः "प्रदेश उत्कृष्ट महिला उद्यमी/महिला लघु उद्यमी पुरस्कार वितरण कार्यबिधि, २०८०" लाई स्वीकृत गर्ने।

९. सामाजिक विकास मन्त्रालयः

क) प्रदेश खेलकुद विकास बोर्डको उपाध्यक्ष श्री जिना कार्कीको राजीनामा प्रदेश खेलकुद ऐन, २०७६ को दफा ४(३) बमोजिम मिति २०८०।०९।०४ गतेदेखि लागु हुने गरी स्वीकृत गर्ने।

ख) प्रदेश खेलकुद ऐन, २०७६ को दफा ३(२)(ख) बमोजिम रिक्त उपाध्यक्ष पदमा श्री बिन्दिया कार्की, बिराटनगर-५, मोरङ (बास्केटबल बिधा) लाई सोही ऐनको दफा ४ को उपदफा (२) बमोजिम मिति २०८२।०६।२४ गतेसम्म कार्यकाल रहने गरी नियुक्त गर्ने।

ग) प्रदेश खेलकुद ऐन, २०७६ को दफा ३(२)(घ) बमोजिम श्री गौरीमान राई, झापा गा.पा.-५, झापा (फुटबल बिधा तर्फ) र श्री मदन खड्का, बिर्तामोड न.पा.-३, झापा (भलिबल बिधा तर्फ) लाई रिक्त सदस्य पदमा सोही ऐनको दफा ४ को उपदफा (२) बमोजिम मिति २०८२।०६।२४ गतेसम्म कार्यकाल रहने गरी मनोनयन गर्ने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर, नेपाल

सम्वत् २०८० साल चैत्र १३ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः

"क) स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गरी प्रदेशको अर्थतन्त्रलाई मजबुत बनाउन र परनिर्भरता न्यून गर्नका लागि प्रदेश भित्र रहेका सबै सार्वजनिक निकायले कोशी प्रदेश भित्र आउने स्वदेशी तथा विदेशी अतिथिहरुलाई कोसेलीको रुपमा केही बस्तुहरु प्रदान गर्दा, कर्मचारीको स्वागत तथा विदाईका समयमा मायाको चिनोको रुपमा प्रदान गरिने सबै प्रकारका उपहार तथा वस्तुहरु एवम् अन्य सार्वजनिक सभा समारोहमा प्रदेश भित्रकै विशिष्ट अतिथि तथा नागरिकहरुलाई मायाको चिनो तथा उपहार प्रदान गर्दा कोशी प्रदेश भित्रै उत्पादन भएको बस्तुहरु दिने व्यवस्था मिलाउनका लागि सबै सार्वजनिक निकायहरुलाई निर्देशन दिने।

ख) त्रिवेणीमा रहेको खुवालुङ्गलाई धार्मिक तथा साँस्कृतिक पर्यटन केन्दको रुपमा विकास गर्ने।

ग) कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठक महिनाको एक पटक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, सम्पर्क कार्यालय, धनकुटामा बस्ने।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर, नेपाल

सम्वत् २०८० साल चैत्र २६ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: "कर्मचारीको स्वतः बढुवा तथा तह वृद्धि सम्बन्धी निर्देशिका, २०८०" स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: "नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम कोशी प्रदेश, प्रदेश सभाको पाँचौ अधिवेशन मिति २०८१।०२।११ गते शुक्रवार दिनको ११:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालय: "लागु औषध नियन्त्रण, सचेतना प्रवर्धन, मानव बेचबिखन एवम् पुनर्स्थापना केन्द्रसँग सहकार्य र अनुदान वितरण कार्यक्रम सञ्चालन निर्देशिका, २०८०" स्वीकृत गर्ने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालय: "कोशी प्रदेश विपन्न तथा सुकुम्वासीहरुलाई जग्गा खरिदमा ब्याज अनुदान कार्यक्रम (सञ्चालन) कार्यबिधि, २०८०" स्वीकृत गर्ने।

५. आन्तरिक मामिला तथा कानून मन्त्रालय: "कोशी प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यबिधि, २०८०" स्वीकृत गर्ने।

६. आर्थिक मामिला तथा योजना मन्त्रालय: "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८०" स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने।

७. पर्यटन, वन तथा वातावरण मन्त्रालय: पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतका निकायमा रहेको मौजुदा दरबन्दीमा प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, सहायकस्तर चौथो/पाँचौ (फरेष्टर) तहको ७४ वटा दरबन्दी थप हुने गरी तयार भएको यसै साथ संलग्न संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

८. पर्यटन, वन तथा वातावरण मन्त्रालय:

क) डिभिजन वन कार्यालय मोरङ्ग, सुनसरी र गाईघाट उदयपुरमा रहेको जिल्ला वन पैदावार आपूर्ति समितिले देहायको परिमाणमा पूर्ण महाकुम्भ मूल आयोजक समारोह समिति बराहक्षेत्र-१, प्राचिन हरिद्वार चतराधाम, कुम्भनगरी, सुनसरीलाई दाउरा उपलब्ध गराउने ।

देहाय:

| क्र.स. | डिभिजन वन कार्यालयहरु | उपलब्ध हुने दाउरा परिमाण (चट्टा) |
|---|---|---|
| १. | डिभिजन वन कार्यालय, मोरङ्ग (जिल्ला आपूर्ति समिति मोरङ्ग) | १२ |
| २. | डिभिजन वन कार्यालय, सुनसरी (जिल्ला आपूर्ति समिति, सुनसरी) | १२ |
| ३. | डिभिजन वन कार्यालय, गाईघाट, उदयपुर (जिल्ला आपूर्ति समिति, उदयपुर) | २ |
| | जम्मा | २६ |

ख) उपरोक्तानुसारको दाउरा उपलब्ध गराए बापत जिल्ला वन पैदावार आपूर्ति समितिहरूमा सरकारी दररेट अनुसार बुझाउनुपर्ने रोयल्टी तथा सोको लोड अनलोड र ढुवानी खर्च बापतको खर्च रकम देहाय बमोजिम

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर, नेपाल

हुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेशबाट पर्यटन वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशका नाममा थप निकासा गर्न स्वीकृति प्रदान गर्ने।

तपसिल

| बजेट उपशीर्षक नं. | कार्यालय कोड | खर्च संकेत नं. | क्रियाकलापको नाम (कोड सहित) | रकम रु. हजारमा |
|---|---|---|---|---|
| ३२९०११०१ | ३२९००१३०११ | २५३१४ (धार्मिक तथा साँस्कृतिक संस्थालाई सरकारले प्रदान गर्ने सहायता) | चतरा महाकुम्भ मेलामा दाउरा व्यवस्थापन सहयोग | २०००।- |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल